# ९ अन्तमा हुने अनेकौँ धोखापूर्ण कामहरु

<u>*यस अध्यायका मूल पदहरू*</u> प्रकाश २:१३,२४, २ कोरन्थी ११:१३-१५, भजन १४६:४, उत्पत्ति १-२:३ र प्रकाश १३:१-१७।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"७ अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर (राक्षस) र त्यसका दूतहरूले पनि युद्ध गरे, ८ तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। ९ त्यो ठूलो अजिङ्गर तल फालियो– त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।"**

स्वर्गबाट शैतान निकालिनुभन्दा अघि लुशिफरद्वारा त्यहाँका स्वर्गदूतहरूलाई परमेश्वरको बिरुद्धमा उचालेर धोखा दिन खोजिएको थियो। "परमेश्वरको समिप्यताबाट निस्केर स्वर्गदूतहरूको बीचमा असन्तुस्टिको बिऊ शैतानले रोप्यो। आफू परमेश्वरकै आदरमा चलेको छु भन्ने कुराको देखावटी गर्दै शैतानले आफ्नो बदनियतलाई लुकाएको थियो। सारा जगतका जीवहरूको बीचमा कार्यान्वयन भइरहेको परमेश्वरको बिधिको शासन अर्थात् व्यवस्थाको खिलाफमा शैतानले स्वर्गदूतहरूलाई उत्तेजित बनायो। "परमेश्वरको व्यवस्था वा विधिको शासन अनावश्यक रूपमा हामीमाथि जबरजस्ती लादिएको हो" भनेर शैतानले स्वर्गदूतहरूको बीचमा परमेश्वरको शासनपद्धतिप्रति असन्तोष फैलायो।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ४९५बाट रूपान्तरित। अदनको बगैँचामा शैतानले सर्पको रूप लिएर हव्वालाई छल गऱ्यो। परमेश्वरको बिरुद्धमा गएर मानिसहरूलाई आफूतिर आकर्षित गर्न र छल गर्न शैतानले अदनको बगैँचादेखि हजारौँ वर्षसम्म आफ्नो प्रयास जारी राखेको छ र राखि नै रहनेछ (प्रकाश २०:८)। दुर्भाग्यवस शैतान हामीभन्दा शक्तिशाली र चतुर छ। त्यसैकारण हामी ऊ देखि सुरक्षित भएर रहन येशूको वचनमा निष्ठावान भएर बस्नुपर्छ। "जो जो तिमीहरू तिमीहरूको प्रभु परमेश्वरलाई पकडिरहेका छौ तिमीहरू आज जीवितै छौ। तिमीहरू सबै जना उहाँमा निष्ठावान भएर बसेका छौ" (व्यवस्था ४:४ रूपान्तरित)। जुन नीति यहाँ

उल्लेख गरिएको छ त्यो केवल पौराणिक इस्राएलीहरूको निम्तिमात्र नभएर आजका हामी विश्वशीहरुकालागि पनि हो।

शैतानले प्रभावकारी रूपमा अनेकौं छल गरेर मानिसहरूलाई परमेश्वरको नीति र उहाँको बिरुद्धमा लैजान कस्तो प्रयास गर्नेछ र त्यसबाट हामी कसरी सुरक्षित रहने भनेर यस अध्यायमा हामी हेर्नेछौं।

## १. झुक्याउने सबभन्दा ठूलो चालबाजी (प्रकाश २:१३,२४)

यस अध्यायको शुरूमा "स्वर्गमा भएको द्वन्द्व"को बारेमा चर्चा गरिएको थियो। त्यो द्वन्द्व दुर्भाग्यवस स्वर्गबाट फैलिंदै यो संसारमा पनि पुगेको थियो।

इसाई समेत गरेर धेरै मानिसहरू वा धर्मका पक्षधरहरूले यस जगतव्यापी संघर्षलाई स्वीकारेका छन्। तिनीहरूले परमेश्वरको खिलाफमा उभिने राक्षसरूपी शैतानलाई पनि विश्वास गर्दछन। तर कतिका लागि परमेश्वर र शैतान बीचमा भइरहेको संग्राम केवल पौराणिक कथामा मात्र सिमित भएको छ वा काल्पनिक विज्ञानको फिलिम जस्तो मात्र देखाइएको छ र त्यो केवल यस संसारमा भएको खराब, दुष्टता र पीडालाई देखाउने संस्कारमात्र हुन् भनेर चित्त बुझाउने गरेको पाइन्छ। शैतानको बारेमा बाइबलमा जे भनिएको छ, त्यो दुई हजार वर्ष अघिको कथामात्र हो भनेर बुद्धिजीवि भनाउँदाहरूले पनि सिकाउँदछन्।त्यो घट्ना केही वर्ष अघि मात्र पनि एउटा काल्पनिक विज्ञानको सिनेमा बनेको थियो (र अहिले पनि बन्नेक्रम त जारी नै छ)। त्यो फिल्मको नाउँ हो “स्टार वार”। त्यो मनगढन्ते वा काल्पनिक उपन्यासको आधारमा बनाइएको थियो।जहाँ यो संसारभन्दा बाहिरका ग्रहहरूमा भएका जीवहरूलाई चित्रण गरिएको छ। एउटा खल नायक डार्थ भेदर भन्ने खराब व्यक्तित्वको चित्रण गरिएको छ। उसले आफ्ना फौजहरू साना तिना, ठूला बायुयानहरू पठाएर यस संसारका असल जीवहरूलाई नाश गर्ने खेल खेल्दछ र असल नायकका फौजहरूसँग युद्ध गरेर परास्त गर्न खोज्छ। त्यो फिल्म अत्यन्तै लामो पनि छ। अन्तमा महान् युद्धमा खलनायकलाई हराइदिन्छ। त्यही अनुरुप यस संसारमा असल र खराब बिचको युद्ध काल्पना वा सामान्य कुरा हुन् भनेर बिशाल जनमानसको दिमागमा पसिरहेको पाइन्छ।

**तर बाइबलले परमेश्वर र शैतानको बीचमा भएको र भइरहेको युद्ध काल्पनिक नभएर वास्तविक नै हो भनेर जिकिर गर्दछ। बिगतमा, वर्तमान र**

भविष्यमा हुने युगको अन्तमा शैतानले कस्तो वास्तविक भूमिका खेलेको थियो, खेलिरहेको छ र खेल्नेछ भनेर प्रकाशको पुस्तकमा उल्लेखित देहायका केही पदहरूले कसरी खुलाउँछन्? हेर्नुहोस्: प्रकाश २:१३,२४ "१३ मलाई थाहा छ, तिमी कहाँ बस्छौ, त्यहीं जहाँ शैतानको सिंहासन छ। तरै पनि तिमीहरू मेरो नाउँमा स्थिर बस्छौ। मेरो विश्वासयोग्य साक्षी एन्टिपासको समयमा पनि ममाथिको आफ्नो विश्वास तिमीहरूले त्यागेनौ। शैतान बस्ने ठाउँमा तिमीहरूकै माझमा तिनी मारिए।...२४ तर तिमी थिआटीरामा भएको यो शिक्षा नमान्ने तथा कतिले भने झैं शैतानका गहिरा कुराहरू नसिक्ने बाँकी तिमीहरूलाई म भन्दछु, म तिमीहरूमाथि अरू कुनै भार राख्दिनँ। २५ त्यसो भए तापनि जे तिमीहरूसँग छ, म नआउञ्जेल त्यसलाई थामिराख।", प्रकाश १२ "४ त्यसको पुच्छरले स्वर्गको एक तिहाइ ताराहरूलाई सोहोरेर पृथ्वीमा फालिदियो। बालक जन्मनासाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खड़ा थियो। ५ त्यस स्त्रीले सारा जातिलाई फलामको डन्डाले शासन गर्ने एउटा छोरो जन्माई। त्यसको बालक परमेश्वरकहाँ उठाइएर उहाँको सिंहासनमा लगियो। ६ त्यो स्त्रीचाहिँ उजाड-स्थानभित्र भागी, जहाँ एक हजार दुई सय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ तयार राख्नुभएको थियो। ७ अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, ८ तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। ९ त्यो ठूलो अजिङ्गर तल फालियो– त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए। १० तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, "अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ। ११ तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्। १२ यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ। तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरूकहाँ तल आएको छ।" १३ जब त्यस अजिङ्गरले आफू पृथ्वीमा फ्याँकिएको देख्यो, तब त्यसले छोरो जन्माउने त्यस

स्त्रीलाई खेद्यो। १४ तर त्यस स्त्रीलाई त्यस सर्पको सम्मुखबाट उजाड-स्थानमा उड़ेर जानलाई ठूलो गरुडका दुई पखेटा दिइए। त्यो उजाड-स्थान साढ़े तीन वर्षसम्म त्यस स्त्रीको पालनपोषणको निम्ति तयार गरिएको थियो। १५ त्यस स्त्रीलाई बाढ़ले बगाओस् भनेर त्यस सर्पले स्त्रीको पछि आफ्नो मुखबाट नदीजस्तै पानी निकाल्यो। १६ तर पृथ्वीले त्यस स्त्रीलाई सहायता गऱ्यो, र अजिङ्गरले आफ्नो मुखबाट निकालेको नदी पृथ्वीले आफ्नो मुख उघारेर निलिदियो। १७ अनि त्यो अजिङ्गर समुद्रको किनारमा खड़ा भयो।" (कुनै कुनै नेपाली बाइबलमा पद १८लाई उल्लेख नगरि १७ पद दिएर छोट्याइएको छ। हुनुपर्ने पद यो होः "तब त्यो अजिङ्गर त्यस स्त्रीसँग क्रोधित भयो, र त्यसका बाँकी सन्तानसँग युद्ध गर्न यो, अर्थात् तिनीहरूसँग, जुनहरूले परमेश्वरका आज्ञा पालन गर्दछन्, र येशूको गवाही दिन्छन्। १८ अनि त्यो अजिङ्गर समुद्रको किनारमा खडा भयो।" नेपाल बाइबल सोसाइटी, २०६९को संस्करण), प्रकाश १३:१-५ "१ समुद्रबाट एउटा पशु निस्किआएको मैले देखें, जसका दश वटा सिङ र सात वटा शिर थिए। त्यसका सिङमा दश वटा मुकुट थिए, र त्यसका शिरमा ईश्वर-निन्दाको नाउँ थियो। २ मैले देखेको त्यो पशु चितुवाजस्तै थियो, त्यसका खुट्टाहरू भालुका जस्ता थिए, र त्यसको मुख सिंहको जस्तो थियो। त्यस अजिङ्गरले त्यस पशुलाई आफ्नो शक्ति, आफ्नो सिंहासन र ठूलो अधिकार दियो। ३ त्यसको एउटा शिरमा चाहिँ घातक चोट लागेको जस्तो देखिन्थ्यो, तर त्यसको चोट निको भयो। अनि सारा पृथ्वी छक्क परेर त्यस पशुको पछिपछि लाग्यो। ४ मानिसहरूले अजिङ्गरको पूजा गर्दथे, किनकि त्यसले आफ्नो अधिकार पशुलाई दिएको थियो। तिनीहरूले यसो भन्दै पशुको पूजा गरे, "यो पशुजस्तो अरू को छ? यसको विरुद्धमा को लड्न सक्ने?" र प्रकाश २०:१-१० "१ त्यसपछि अतल कुण्डको साँचो र एउटा ठूलो साङ्लो हातमा लिएका एउटा स्वर्गदूत स्वर्गबाट ओर्लन आएका मैले देखें। २ तिनले त्यो अजिङ्गर, त्यो प्राचीन सर्प, जो दियाबलस वा शैतान हो, त्यसलाई पक्रे, अनि एक हजार वर्षका निम्ति बाँधेर राखे। ३ तिनले त्यसलाई अतल कुण्डमा फालिदिए, र त्यो कुण्ड बन्द गरी मोहोर लगाइदिए, ताकि एक हजार वर्ष अन्त्य नभएसम्म जाति-जातिहरूलाई त्यसले बहकाउन नपाओस्। त्यसपछि केही समयको निम्ति त्यसलाई फुक्का गरिनुपर्छ। ४ तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको

**पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे। ५ अरू मरेकाहरूचाहिँ ती एक हजार वर्ष नबितुञ्जेल जीवित भएनन्। यो पहिलो पुनरुत्थान हो। ६ पहिलो पुनरुत्थानमा सहभागी हुनेहरू धन्य र पवित्र हुन्। यिनीहरूलाई दोस्रो मृत्युको शक्तिले केही गर्न सक्दैन, तर तिनीहरू परमेश्वर र ख्रीष्टका पूजाहारी भएर उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन्। ७ एक हजार वर्ष बितेपछि शैतान त्यसको कैदबाट छोडिनेछ, ८ र पृथ्वीका चारै दिशामा भएका देश-देशका मानिसहरूलाई बहकाउन, अर्थात् गोग र मागोगलाई लड़ाइँको निम्ति भेला गर्न निस्केर आउनेछ। तिनका संख्या समुद्रका बालुवा जत्तिकै हुनेछन्। ९ तिनीहरूले सारा पृथ्वीभरि गएर सन्तहरूका छाउनीको वरिपरि र प्रिय सहरलाई घेरे, तर स्वर्गबाट आगो बर्सेर तिनीहरूलाई भस्म पाऱ्यो। १० तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए। त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन्।"**

यस संसारका बासिन्दाहरूको बीचमा शैतानको कस्तो महान् शक्ति छ र उसले कसरी आफ्नो शक्तिलाई प्रदर्शन गर्छ वा अन्तिम दिनमा गर्नेछ भन्ने विषयसँगै प्रकाशको पुस्तकले उसको भन्डाफोर गर्दछ। सनातन परमेश्वरलाई विश्वास गरेर मानिसहरूले मुक्ति नपाउन् भन्ने उसको प्रयासमात्र नभएर येशूप्रति निष्ठावानहुनेहरूलाई कसरी यातना दिनेछ भनेर पनि प्रकाशको पुस्तकमा खुलाइएको छ।

पावलले २ कोरन्थी २:११मा शैतानको युक्ति वा चर्तिकलाहरू भनेर उल्लेख गर्दछन्। ग्रीक भाषामा त्यो दिमाग "नोमाटा" (noemata) हो। मानिसहरूको दिमागमा यो संसारमा शैतानको अस्तित्व नै छैन यी सब केवल काल्पनामात्र हुन् भन्ने कुरा घुसाउने शैतानको सबभन्दा ठूलो चालबाजीलाई त्यस शब्दले बुझाउँछ। विश्वासै नलाग्ने अवास्तविक वा काल्पनिक शत्रुको शक्तिबाट सुरक्षित हुन कसले खोज्छ वा प्रयास गर्दछ र? यो पनि अचम्म छ कि कतिपय इसाईहरू वा क्रिश्चियन हुँ भनेर दावी गर्नेहरूले पनि शैतानको वास्तविक अस्तित्वलाई गम्भीर रूपमा लिदैनन्। संसारको अन्तमा ती इसाईहरूले नै भन्नेछन् कि बाइबलका वचनहरू केवल अवधारणाहरूमात्र हुन् र त्यसलाई वास्तविकरूपमा लिनुहुन्न। बाइबलमा उल्लेखित शैतानका चर्तिकलाहरू केवल मानिसहरूलाई चित्त बुझाउनका लागि मात्र लेखिएका हुन्

र त्यसलाई साँच्चिकै हो भनेर लिनुहुन्न भनेर बाइबल जान्नेहरूले नै सिकाइरहेको पाइन्छ। बाइबलले बताए अनुसार शैतानको क्रियाकलाप वास्तविक रूपमा जताततै देखिरहेतापनि धेरै मानिसहरूले शैतानको अस्तित्वलाई अस्वीकार गर्दा हामीले चाहिँ बाइबलको शिक्षालाई गम्भीर रूपमा लिनु कतिको आवश्यक छ सो बुझ्नु जरुरी छ।

**प्रकाशको पुस्तकले अन्तिम युगमा शैतानले गर्ने अनेकौं छलकपट र चालबाजीको चर्चा गरेता पनि प्रकाश १२:११ अनुसार हामीले कस्तो महान् आशा राखेर बाँचिरहनुपर्छ भनेर निर्णय गर्ने? शैतानको बिरुद्धमा जमेर बस्ने हाम्रो शक्तिको स्रोत के हो? हेर्नुहोस्ः " ११ तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्। १२ यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ।"**

## २. दुई ठूला भ्रम वा छलहरू (१ कोरन्थी ११:१३-१५)

**मानिसहरूलाई फसाउन शैतानको शक्तिका जालहरू कस्ता कस्ता छन् भनेर देहायका केही पदहरूले हामीलाई कसरी बताउँछन्? हेर्नुहोस्ः २ कोरन्थी ११:१३-१५ " १३ किनकि त्यस्ता मानिसहरू झूटा प्रेरितहरू र छली काम गर्नेहरू हुन्, र ख्रीष्टका प्रेरितहरूको भेष लगाएर हिँड्नेहरू मात्र हुन्। १४ र यो कुनै अचम्मको कुरा होइन, किनकि शैतानले पनि ज्योतिर्मय स्वर्गदूतहरूको भेष धारण गर्छ। १५ यसकारण यो कुनै अनौठो कुरा होइन, कि त्यसका दासहरूले पनि धार्मिकताका दासहरूका रूपमा आफ्नो भेष बद्लन्छन्। तिनीहरूको अन्त्य तिनीहरूका कामअनुसार हुन्छ।", २ थेस्सोलिनिकी २:९,१० " ९ शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, १० र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे।", प्रकाश १२:९ " त्यो ठूलो अजिङ्गर तल फालियो– त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।" र प्रकाश २०:१० " १० तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए। त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन्।"**

युगको अन्तमा शैतानले अनेकौं छल गरेर उहाँका विश्वासीहरूलाई भडकाउनेछ भनेर येशूले चेलाहरूलाई दिनुभएको चेतावनी हामीले अघि नै हेऱ्यौं। ती छलहरूमा शैतानले आउनेवाला ख्रीष्ट आफै हुँ, भविष्यवक्ता हुँ, स्वामी र भगवान हुँ भनेर मानिसहरूलाई धोखा दिनेछ | (मत्ती २४:५)

झुटा ख्रीष्ट वा उद्धारकर्ता वा भगवान भनेर आउनेहरू र झुटा भविष्यवक्ताहरू वा भविष्यका कुराहरू जानेको छु भनेर दावी गर्नेहरूमात्र युगको अन्तमा हुने शैतानका जालहरू होइनन्। परमेश्वरसँग ठूलो द्वन्द्व वा लडाइँ गर्ने हाम्रो शत्रुकोसाथमा सकेसम्म सबैलाई धोखा दिने धेरै चालबाजीहरू खेल्ने योजनाहरू उससँग छ। ती चालबाजीहरूको बारेमा हामीले सतर्क हुन जरुरी छ र केवल बाइबललाई जानेर अनि बाइबलले सिकाए अनुसार चलेर मात्र शैतानसँग हामी भिड्न सक्छौं।

एलेन जी ह्वाइट शैतानले ल्याउने दुई ठूला छलहरू के-के हुन् भनेर व्याख्या गर्दछिन्: मानिस अमर छ र पवित्र साबथ दिन शनिवारबाट सारेर आइतबारमा भयो भन्ने दुई धोखापूर्ण चालहरूप्रति हामी गम्भीर हुनुपर्छ। आत्मा अमर छ भनेर सिकाइनु र मानिसहरू कहिल्यै मर्दैन तर अनेकौं रूप धारण गर्छ भनेर विश्वास दिलाउन खोज्नु केवल आइतबार नै इसाईहरूले मान्नुपर्ने दिन हो भनेर पाश्चात्य देश रोममा रहेको रोमन क्याथोलिक धर्मका पक्षधरहरु वा पोपतिर झुकाव गर्न उक्साउँनु हो। मानिस मरेपछि प्रेत हुन्छ र तिनीहरूसँग कुरा गर्न सकिन्छ भन्ने जस्ता शैतानका झुट आध्यात्मिकवादको अभियानलाई चर्को बनाउन अमेरिकाका प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरूले हात फैलाउनेछन्, बाइबलको सत्य परमेश्वरको सत्यतालाई भड्काउन ती इसाईहरूले रोमन क्याथोलिक चर्चको शक्तिसँग हातेमालो गर्नेछन्। यसरी प्रेतात्मावाद, प्रोटेस्टेन्ट इसाईहरू र रोमको रोमन क्याथोलिक चर्च एक भएर अमेरिकाले विवेकको स्वतन्त्रतालाई कुल्चिदिनेछ।"-द ग्रेट कन्त्रोभर्सी, पृ. ५८८ बाट रूपान्तरित।

**एलेन जी ह्वाइटले** लेख्नुभएको धेरै वर्षभएपछि ती कुराहरू इसाई जगतमा कसरी अचम्म तरिकाले पूरा भइरहेका छन् सो कुरालाई अचम्मै मान्नुपर्छ। आत्मा अमर छ भन्ने सिद्धान्तमा एक हुन प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरू र रोमन क्याथोलिक चर्च एकमत हुने दुई भ्रम जारी भइरहेको सन्दर्भमा हामी सेभेन्थ-डे एडभेन्टिस्टको भूमिका संवेदनशील नै रहेको पाइन्छ (त्यसैकारणले पनि होला सेभेन्थ-डे एडभेन्टिस्टहरू इसाई होइनन् भनेर

प्रोटेस्टेन्टहरूले आरोप लगाउँछन्। हो ,बाइबलीय शिक्षाबिरोधी अन्य इसाईहरूको कित्तामा हामी उभिएका छैनौं।-अनुवादकको टिप्पणी)।

**अन्तिम दिनहरूमा चर्चकै माध्यमबाट किन नहोस् शैतानले ल्याउने अनेकौं छलहरूको सामना गर्न केवल बाइबलको सत्य आत्मज्ञान र तिनको पालना गर्ने  अठोटमात्र शक्तिशाली हतियार किन हुन्छ?**

## ३. आत्मा अमर छ अर्थात् मानिस कहिल्यै मर्दैन, मरेपछि सिधै स्वर्ग वा नर्क जान्छ वा मरेपछि अर्कै रूप धारण गर्छ भन्ने शिक्षा (उपदेश ९:५,६)

**मानिस मरेपछि उसको अवस्था कस्तो हुन्छ भनेर देहायका पदहरूले हामीलाई के सिकाउँछन्? प्रेतात्माबादबाट सुरक्षित हुन ती पदहरू जान्न किन आवश्यक छ?** हेर्नुहोस्ः उपदेशक ९ः३-१० "३ सूर्यमुनि हुने प्रत्येक काममा दुष्टता छ। सबैलाई एकै अन्त्य आइपर्छ। मानिसहरूका हृदय दुष्टताले भरिएका हुन्छन्, र तिनीहरूका जीवनकालभरि नै तिनीहरूका हृदय पागलपनाले भरिन्छन्, अनि त्यसपछि तिनीहरू मरेकाहरूसँग मिल्नजान्छन्। ४ बाँचिरहनेहरूका साथमा हुनेसँग आशा हुन्छ। जिउँदो कुकुरको स्थिति मरेको सिंहको भन्दा असल हो। ५ किनभने हामीहरू मर्नेछौं भनी जीवितहरूले जान्दछन्, तर मरेकाहरूले त केही पनि जान्दैनन्। तिनीहरूका निम्ति केही प्रतिफल हुँदैन। तिनीहरूको सम्झना पनि लोप हुन्छ। ६ तिनीहरूका प्रेम, घृणा, ईर्ष्या सबै लोप भएका हुन्छन्। सूर्यमुनि गरिएको कुनै काममा तिनीहरूको फेरि कहिल्यै भाग हुँदैन। ७ आफ्नो बाटो लाग, आफ्नो खानेकुरा आनन्दसँग खाऊ, खुशी मनले आफ्नो दाखमद्य पिऊ, किनभने तिमीले गरेको काममा अहिले परमेश्वरको निगाह रहेको छ। ८ सधैं सेतो वस्त्र पहिराऊ, र कपालमा तेल लगाऊ। ९ परमेश्वरले सूर्यमुनि दिनुभएको यस व्यर्थ जीवनकालमा आफूले प्रेम गरेकी पत्नीसँग जीवनको सुख-भोग गर। किनभने यस जीवनमा र सूर्यमुनि तिमीले गरेको परिश्रममा तिम्रो भाग त्यही नै हुन्छ। १० तिम्रो हातमा जे काम छ त्यो आफ्नो पूरा शक्तिले गर, किनभने चिहानमा, जहाँ तिमी जान्छौ, त्यहाँ न त केही गर्ने, न योजना गर्ने, न ज्ञान, न बुद्धि नै हुन्छ।", भजन ११५ः१७,१८ "१७ मरेकाहरूले परमप्रभुको प्रशंसागर्दैनन्, मृत-लोकमा जानेहरूले उहाँको प्रशंसा गर्दैनन्। १८ तर हामी त अहिले र सदासर्वदा परमप्रभुको स्तुति गर्दछौं। परमप्रभुको प्रशंसा गर!", भजन १४६ः३,४ "३ आफ्नो भरोसा संसारका शासकहरूमाथि नराख, मरणशील मानिसमाथि, जसले बचाउन सक्दैनन्।

**४ जब तिनीहरूको आत्मा निस्कन्छ, तिनीहरू माटोमा मिलिहाल्छन्। त्यही दिन तिनीहरूका योजनाहरू पनि नष्ट हुन्छन्।", १ कोरन्थी १५:१६-१८ "१६ किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता ख्रीष्ट पनि मृतकबाट जीवित पारिनुभएन। १७ ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। १८ तब त ख्रीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्।" र दानिएल १२:२ "पृथ्वीको धूलोमा सुतेका भीड़हरू उठ्नेछन्, केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको लागि।"**

**पश्चिमी देशहरूमा केही** दशक भयो मरेका मानिसहरूको बारेमा विशेष ध्यान गएको पाइन्छ। तिनीहरूको हृदय बन्द भएको र सास बन्द भएपछि तिनीहरूलाई मृत घोषणा गरिन्छ। अनि तिनीहरूलाई बिउँताउन धेरै प्रयास गरिन्छ र कतिपय समयमा बिउँतिएको पनि पाइन्छ। त्यसबेला आफू मरिसकेपछि आफू अर्कै लोकमा पुगेको र त्यहाँ पृथ्वीभन्दा अपार विश्वास गर्न नसिकने चेतनाको अनुभव भएको बताउँछन्। कतिले त आफ्नो हंस माथि उडेको र माथि हावामा तैरिएको र तल आफ्नो शरीरलाई देखेको पनि बताउँछन्। कतिपयले आफ्नो शरीर अलौकिक स्थानमा पुगेर त्यहाँका अनेकौं न्यानो र चम्किलो जीवहरूसँग कुरा गरेको भन्छन्। तिनीहरूमा दया र प्रेमले भरिएको अनुहार देखिएको बताउँछन्। अझ कतिपयले त आफ्ना मरेका नातेदारहरूसँग भेटेको पनि भन्दछन्।

यस्तो खालको अनुभवलाई वैज्ञानिकहरूले NDE एनडिइ अर्थात् मर्न लागेको बेलामा भएको अनुभव भनेर नाउँ दिएका छन्। यो एनडिइ बिवादस्पद भएतापनि कतिपय इसाईहरूले त्यसलाई प्रयोग गरेर मानिसहरू मरेपछि तिनीहरूको आत्माचाहिँ जीवितै हुन्छन् भनेर सिकाउँदछन् वा मानिस मरेपछि स्वर्ग वा नरकमा जान्छन् भनेर प्रमाणित गर्न खोज्छन्। (नेपालको परिप्रेक्षमा यो कुनै नौलो कुरो होइन, पितृपूजा, तन्त्रमन्त्र, झाँक्री, धार्मिक दृष्टिकोण आदिको माध्यमबाट मानिस मरेपनि आत्मा मर्दैन त्यो कि त स्वर्ग र नरकको बीचमा तैरिएर भूत भएर बस्छ, कि त स्वर्ग कि नरकमा जान्छ वा अरू कुनै अवतार लिन्छ भनेर विश्वास गर्छन्)।

तर एनडिइ अनुभव वा केही समय मरेर बिउँतने जस्ता अनुभव भनेको शैतानले फैलाएको दुईमध्ये एक गलत शिक्षा वा भ्रम हो। जबसम्म मानिस मरेपछि उसको आत्मा वा हंस अरूमा जान्छ भनेर विश्वास गरिन्छ तब

त्यसले टुनामुना,तन्त्रमन्त्रतिर मानिसलाई तान्छ। यस खालको विश्वासले मानिसलाई येशूको खाँचो छैन भन्ने देखाउँछ। (श्राध्द, काजकिरिया वा पितृ जस्ता अनेकौं पूजा आजा आदि गरियो भने मरेको मानिस पितृलोकबाट स्वतन्त्र भएर स्वर्गमा जान्छ भन्ने विश्वासले येशूको आवश्यकता नभएको देखाउँछ। आखिरमा कोही मऱ्यो भने उसको निम्ति धर्मकर्म गरेर नै उसले मुक्ति पाउँछ भने उसलाई येशूको आवश्यकता किन पऱ्यो भन्ने मनस्थितिले मानिसको दिमाग ओगटेको हुन्छ)।

अचेत भएर मर्न लागेको तर पछि होसमा आउने अवस्था वा एनडिइ अनुभव गरेका मानिसहरूले अलौकिक वा मरेका आफन्तहरूलाई भेटेको बताउँछन्। तिनीहरूले ती जीवहरूलाई प्रेम, शान्ति र भलाईको सन्देश सुनाएको बताउँछन् तर येशू ख्रीष्टमा पाउने मुक्ति, पाप र , येशूको दोस्रो आगमन तथा आउने न्यायको बारेमा केही सिकाउँदैनन् किनभने यी कुराहरू बाइबलको मौलिक वा आधारभूत शिक्षाहरू हुन्। लगभग अचेत भएर मर्न लागेको घडीमा भएको अनुभवले स्वर्गको अनुभव दिएको र आधारभूत इसाई शिक्षाको स्वाद पाइसकेको भनेर ती मानिसहरूले दावी गर्छन्। यो न्यू एज वा पूर्वीय देशको धार्मिक, सांस्कृतिक र सामाजिक परम्परा अनुसारको विश्वासले गर्दा येशूप्रतिको झुकाव कम हुनजान्छ। आफू अचेत हुँदा स्वर्गीय आनन्द वा विशेष ज्योतिको अनुभव पाएको भनेर दावी गर्नेले त्यसैमा अडिग रहन जिकिर गर्दछ। तर पहिला येशूलाई विश्वास गर्नेले पनि उहाँलाई विश्वास गर्न आवश्यक नभएको त्यस खालको मानिसले बताउँदछन्।

**यदि हामी इसाई हौं भनेर दावी गर्दछौं भने हामीले देखेका, सुनेका वा मनले मान्न कर गरिएका फरक अनुभवहरु यदि बाइबल सम्मत छैनन् भने, तिनको पछिलाग्नुको सट्टा केवल बाइबलमा नै अडिग भएर बसिरहन किन आबश्यक छ?**

## ४. साबथ र विकासवादको अनुमानित सिद्धान्त

मानिसको आत्मा वा हंस कहिल्यै मर्दैन, कि त सोझै स्वर्ग जान्छ वा नर्क जान्छ, वा अर्को जन्म लिएर बिभिन्न जीव जन्तुको रुप लिन्छ भन्ने सिकाएर मानिसहरूलाई भ्रममा पार्न शैतान सफल भएको छ भने उत्तिकै सफलता बाइबलले आदेश गरेको साबथ दिनलाई शनिबारबाट आइतवारमा सारियो भनेर इसाई जगतलाई झुक्याउनमा पनि शैतान खप्पिस हुन पुगेको

छ। इसाई इतिहास पल्टाएर हेरियो भने प्रायजसो सबै इसाईहरूले साबथ दिन शनिवारलाई लत्याएको पाइन्छ। उन्नाइसौं शताब्दीको शुरूमा साबथ दिनको गरिमालाई अझ तल झार्न शैतानले अर्को छललाई मानिसहरूको दिमागमा घुसाइ दिएको थियो रछ । त्यो हो बिकासबादको सिद्धान्त वा यो संसार अचानक उत्पत्ति भयो र मानिस सुक्ष्म प्राणी र बनमान्छेबाट बिकसित भएको हो।

**उत्पत्ति १-२ः३सम्म पढियो भने सनातन सृष्टिकर्ता परमेश्वरले नै हाम्रो पृथ्वी सृष्टि गर्नुभएको हो र त्यो सृष्टि गर्न उहाँलाई छदिन लाग्यो भनेर ठोकुवा गरेको पाइन्छ। हेर्नुहोस्ः "१ आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। २ पृथ्वी आकारविनाको र शून्य थियो। अथाह समुद्रमाथि अन्धकार थियो, र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो। ३ अनि परमेश्वरले भन्नुभयो, "उज्यालो होस्।" तब उज्यालो भयो। ४ अनि परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो। उहाँले उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नुभयो। ५ परमेश्वरले उज्यालोलाई "दिन" र अँध्यारोलाई "रात" भन्नुभयो। साँझ पऱ्यो र बिहान भयो– पहिलो दिन। ६ अनि परमेश्वरले भन्नुभयो, "पानीका बीचमा एक क्षेत्र होस्, र त्यसले पानीलाई दुई भाग गरोस्।" ७ परमेश्वरले सो बनाएर क्षेत्रमुनिको र माथिको पानीलाई अलग-अलग गर्नुभयो। तब त्यस्तै भइहाल्यो। ८ परमेश्वरले यस अन्तरिक्षलाई आकाश भन्नुभयो। साँझ पऱ्यो र बिहान भयो– दोस्रो दिन। ९ अनि परमेश्वरले भन्नुभयो, "आकाशमुनि भएको पानी एक ठाउँमा जम्मा होस् र ओबानो भूमि देखा परोस्।" तब त्यस्तै भइहाल्यो। १० परमेश्वरले ओबानो भूमिलाई "पृथ्वी" भन्नुभयो, र जम्मा भएको पानीलाई "समुद्र" भन्नुभयो। अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। ११ तब परमेश्वरले भन्नुभयो, "भूमिले वनस्पति, बीउ हुने बोट-बिरुवाहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू पृथ्वीमा उमारोस्।" तब त्यस्तै भइहाल्यो। १२ भूमिले वनस्पति, बीउ हुने बोटहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू उमाऱ्यो। अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। १३ साँझ पऱ्यो र बिहान भयो– तेस्रो दिन। १४ अनि परमेश्वरले भन्नुभयो, "अन्तरिक्षमा दिन र रात छुट्ट्याउनलाई ज्योतिहरू होऊन्। तिनीहरू ऋतुहरू, दिनहरू र वर्षहरू छुट्ट्याउन चिन्हको रूपमा काम गरून्। १५ र पृथ्वीमा प्रकाश दिनलाई अन्तरिक्षमा ती ज्योतिहरू होऊन्।" तब त्यस्तै भइहाल्यो। १६ अनि परमेश्वरले**

दुई विशाल ज्योतिहरू बनाउनुभयो– ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न, र सानो ज्योति रातमाथि प्रभुत्व गर्न। उहाँले ताराहरू पनि बनाउनुभयो। १७ अनि परमेश्वरले पृथ्वीमा प्रकाश दिनलाई, १८ दिन र रातमाथि प्रभुत्व गर्न अनि उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा राख्नुभयो। र परमेश्‌वरले हेर्नुभयो, त्यो असल थियो। १९ साँझ पर्‍यो र बिहान भयो,चौथो दिन। २० अनि परमेश्वरले भन्नुभयो, "पानी जीवित जन्तुहरूले प्रशस्त गरी भरिऊन्। र पंक्षीहरूचाहिँ पृथ्वीमाथि अन्तरिक्षमा उडून्।" २१ यसैले समुद्रका विशाल जलजन्तुहरू, पानीहरूमा भरिएका चलहल गर्ने किसिम-किसिमका सबै जीवित प्राणीहरू र जात-जातका पखेटा भएका सबै पंक्षीहरु परमेश्वरले सृष्टि गर्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। २२ अनि परमेश्वरले तिनीहरूलाई यसो भनेर आशिष् दिनुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै र समुद्रमा भरिँदैजाओ। र पंक्षीहरुको पनि पृथ्वीमा वृद्धि हुँदैजाओस्।" २३ अनि साँझ पर्‍यो र बिहान भयो– पाँचौं दिन। २४ अनि परमेश्वरले भन्नुभयो, "पृथ्वीले जात-जातका जीवित प्राणीहरू, अर्थात् जात-जातका पालिने पशुहरू, घस्रने जन्तुहरू र जात-जातका वन-पशुहरू उत्पन्न गरोस्। तब त्यस्तै भयो। २५ परमेश्वरले पृथ्वीका जात-जातका वन-पशुहरू, जात-जातका पालिने पशुहरू र जमिनमा घस्रने जात-जातका जन्तुहरू बनाउनुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। २६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमीनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पंक्षीहरु तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।" २९ तब परमेश्वरले भन्नुभयो, "हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु। ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्। ३० र पृथ्वीको हरेक पशु, आकाशको हरेक पंक्षी र जमीनमा चलहल गर्ने हरेक जन्तु– हरेक प्राणी जसमा जीवन छ– तिनीहरूका आहाराको निम्ति म हरिया वनस्पति दिन्छु।" तब त्यस्तै भयो। ३१ आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले

**हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो। साँझ पर्‍यो र बिहान भयो– छैटौं दिन।" र उत्पत्ति २:१-४ "१ यसरी आकाश र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए। २ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो। ४ आकाश र पृथ्वीका सृष्टिको वृत्तान्त यही हो।"**

सरसर्ती हेर्दा माथिका पदहरूले सृष्टिको बारेमा दुई विषयवस्तुलाई औँल्याउँछन्। प्रथमतः जे-जेति सृष्टि भए ती योजना अनुसार र समय अनुसार सृष्टि भएका थिए।न त अकस्मात वा कुनै तारा बिस्फोट भएर वा कुनै देवले आफूखुरी तरिकाले पृथ्वी डल्लो बनाएर सृष्टि गरेको हो। जुन प्रक्रिया अपनाएर यो पृथ्वी सृष्टि गरियो त्यसमा कुनै पनि अकस्मात भन्ने शब्द जोडिने अवस्था देखिदैन। दोस्रोमा प्रत्येक जीवनको सृष्टि आ-आफ्नै रूपमा सृष्टि भएको हो भनेर स्पष्ट पारिएको छ। हरेक जीव जन्तुहरु जातजातै छुट्याएर आ-आफ्नो पहिचानकासाथ सृष्टि भएको थियो। बिकासबादको सिद्धान्त अनुसार कुनै कोश वा कण अकस्मात सृष्टिभएर त्यहिकोषबाट सारा जीवहरु खरबौं वर्ष लगाएर बिकसित हुँदै जीव जन्तु, प्रकृति, मानव आदि सृष्टि भए भन्ने अनुमानित विकासबादलाई बाइबलले समर्थन गर्दैन।

उत्पत्तिको पुस्तकमा लेखिए अनुसार अक्षरस वा जे लेखिएको छ त्यही अनुसार पढे पनि सृष्टि अनियोजित वा जथाभावी तरिकाले सृष्टिभएको थियो भनेर देखाउँदैन साथै सबै जीव जन्तुको साझा पूर्खा एउटै हुन् भनेर बाइबलले देखाउँदैन।

अनि चार्ल्स डार्बिन आफ्नो छोराको मृत्युले बिरक्तिएर परमेश्वरको अस्तित्वलाई अस्वीकार गर्दै उनी बिकासबादको सिद्धान्तलाई फैलाउँछन्। जे जति सृष्टि भए ती अकस्मात र अनियोजित तरिकाले सृष्टि भएका हुन् र यस संसारका सबै जीवजीवातका मूल पूर्खा एउटै हुन्।

तब कतिपय मानिसहरू चाहे इसाई नै हौं भनेर दावीगर्नेहरु पनि सृष्टिलाई बाइबलको मौलिक वा आधारभूत सृष्टिको बृतान्तको बिपरित बिकासबादको आँखाले हेर्न किन रुचाउँछन् त? परमेश्वरको अस्तित्वलाई नमान्ने वा आनाकानी गर्नेहरूले मात्र नभएर कतिपय इसाईहरूले पनि आफ्नो

विश्वासलाई बाइबलले औँल्याएको सृष्टि अनुसार नभएर आफ्नो शिक्षादीक्षा र बिकासबादको सिद्धान्तसँग तालमेल गरेर विश्वास गरिरहेको पनि पाइन्छ।

अन्तिम युगमा हुने विभिन्न घट्नाहरूमा बिकासवादको सिद्धान्त घुस्न जाँदा शैतानले ल्याउने छल झन उदांगो भएको पाइन्छ। परमेश्वरले छ दिन लगाएर संसार सृष्टि गर्नुभएको प्रमाण दिन स्मारकको रूपमा रहेको हप्ताको सातौं दिन शनिबारको पवित्रतालाई गम्भीर रूपमा लिन नमान्ने तर पृथ्वीलाई अहिलेको अवस्थामा आउन खरबौं वर्ष लाग्यो भनेर अनगिन्ती बुद्धिजिवी भनाउँदाहरू, इसाई भनाउँदाहरू र वैज्ञानिक भनाउँदाहरू सिकाइरहेछन्। बिकासबादको सिद्धान्तले छ दिनको सृष्टिलाई पौराणिक, मनगढन्ते वा काल्पनिक र मिथक अर्थात् मिथ्यामा झार्दछ। रोम राज्यको स्थापना ब्वाँसाहरूले हेरचाह गरेको रोमुलस र रुमसले स्थापना गरेका हुन् भनेर प्रचार गरे जस्तै सृष्टिको कथा पनि त्यही रूपमा जनमानसमा फैलाइएको छ। खरबौं वर्ष लागेर बनिएको वा पृथ्बी आफै सृष्टि भएको हो भनेर विश्वास गर्ने, आइतबारलाई (विश्राम) मान्ने इसाईहरूसँग नमिली हप्ताको सातौं दिन शनिवारको पक्षमा उभिएर दुःख, कष्ट, हेला, सतावट सहन को चाहन्छ र? (प्रायजसो सबै इसाईहरूले सेभेन्थ-डे एडभेन्टिस्टलाई इसाई होइन् भनेर जिकिर गर्दछन्। त्यसको कारण एउटै हो कि सेभेन्थ डे एडभेन्टिस्टहरूले हप्ताको सातौं दिन बिश्रामबार शनिबारलाई मात्र साबथ दिन मानेर परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर देखाउँनु हो।)

## ५. खोटो वा नक्कली त्रिएक परमेश्वर (प्रकाश १२:१७, प्रकाश १३:१,२)

त्रिएक परमेश्वर एकै परमेश्वर हुन् भन्ने धारणा बाइबलभरी नै पाइन्छ। तर अन्तिम दिनमा शैतानले ल्याउने छल र सतावटमा जाली, खोटो वा नक्कली त्रिएक भगवान भनेर खडा हुनेछ भनेर प्रकाश १३ले बताउँछ। ती हुन् अजिङ्गर वा राक्षसरूपी शैतान, समुद्रबाट निस्किएको डरलाग्दो पशु र जमीन वा भूभाग।

**प्रकाशमा देहायका पदहरूले कस्तो चित्रण गरेको छ? हेर्नुहोस्: प्रकाश १२:१३-१७ "१३ जब त्यस अजिङ्गरले आफू पृथ्वीमा फ्याँकिएको देख्यो, तब त्यसले छोरो जन्माउने त्यस स्त्रीलाई खेद्यो। १४ तर त्यस स्त्रीलाई त्यस सर्पको सम्मुखबाट उजाड-स्थानमा उड़ेर जानलाई ठूलो गरुडका दुई पखेटा दिइए। त्यो उजाड-स्थान साढ़े तिन वर्षसम्म त्यस स्त्रीको पालनपोषणको निम्ति**

तयार गरिएको थियो। १५ त्यस स्त्रीलाई बाढ़ले बगाओस् भनेर त्यस सर्पले स्त्रीको पछि आफ्नो मुखबाट नदीजस्तै पानी निकाल्यो। १६ तर पृथ्वीले त्यस स्त्रीलाई सहायता गर्‍यो, र अजिङ्गरले आफ्नो मुखबाट निकालेको नदी पृथ्वीले आफ्नो मुख उघारेर निलिदियो। १७ तब त्यो अजिङ्गर त्यो स्त्रीसँग क्रोधित भयो, र त्यसका बाँकी सन्तानसँग युद्ध गर्न गयो-अर्थात् तिनीहरूसँग, जुनहरूले परमेश्वरका आज्ञाहरू पालन गर्छन् र येशूको गवाही दिन्छन् (कुनै कुनै नेपाली बाइबलमा यो अंश मेटिएको छ)-अनि त्यो अजिङ्गर समुद्रको किनारमा खड़ा भयो।" प्रकाश १३:१,२ "१ समुद्रबाट एउटा पशु निस्किआएको मैले देखें, जसका दश वटा सिङ र सात वटा शिर थिए। त्यसका सिङमा दश वटा मुकुट थिए, र त्यसका शिरमा ईश्वर-निन्दाको नाउँ थिए। २ मैले देखेको त्यो पशु चितुवाजस्तै थियो, त्यसका खुट्टाहरू भालुका जस्ता थिए, र त्यसको मुख सिंहको जस्तो थियो। त्यस अजिङ्गरले त्यस पशुलाई आफ्नो शक्ति, आफ्नो सिंहासन र ठूलो अधिकार दियो।"

राक्षसरूपी अजिङ्गर परमेश्वर पिताको नक्कलीरूप भएर खडा भएको हुन्छ। संसार आफ्नो हातमा छ भनेर उसले संसारलाई नियन्त्रण गरेको हुन्छ। फेरि समुद्रबाट निस्किएको डरलाग्दो पशुलाई अधिकार, शक्ति र सिंहासन त्यस अजिङ्गरले सुम्पिन्छ। त्यो चाहिँ येशू ख्रीष्टको नक्कली रूप हो। त्यो दोस्रो महाशक्ति येशूको नक्कली रूप लिएर खडा भएको कसरी देखियो त?

समुद्रबाट निस्किआएको डरलाग्दो पशुका स्वभाव तथा बिशेषताहरू के हुन् त? हेर्नुहोस् प्रकाश १३:२-५ "२ मैले देखेको त्यो पशु चितुवाजस्तै थियो, त्यसका खुट्टाहरू भालुका जस्ता थिए, र त्यसको मुख सिंहको जस्तो थियो। त्यस अजिङ्गरले त्यस पशुलाई आफ्नो शक्ति, आफ्नो सिंहासन र ठूलो अधिकार दियो। ३ त्यसको एउटा शिरमा चाहिँ घातक चोट लागेको जस्तो देखिन्थ्यो, तर त्यसको चोट निको भयो। अनि सारा पृथ्वी छक्क परेर त्यस पशुको पछिपछि लाग्यो। ४ मानिसहरूले अजिङ्गरको पूजा गर्दथे, किनकि त्यसले आफ्नो अधिकार पशुलाई दिएको थियो। तिनीहरूले यसो भन्दै पशुको पूजा गरे, "यो पशुजस्तो अरू को छ? यसको विरुद्धमा को लड्न सक्ने?" ५ त्यसलाई अहङ्कारी र ईश्वर-निन्दक शब्दहरू उच्चारण गर्ने मुख दिइयो। त्यसलाई बयालिस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो।"

जसरी परमेश्वर पिताले येशूलाई अधिकार दिनुभएको थियो (मत्ती १८:१८) त्यसरी नै अजिङ्गरले डरलाग्दो पशुलाई अधिकार दिएको थियो, त्यतिमात्र नभएर त्यस पशुले येशूको जस्तै घातक चोट खेपेको थियो वा मरिसकेको थियो र फेरि जीवित भयो (प्रकाश १३:३)। फेरि त्यस डरलाग्दो पशुले आफ्नो अधिकार ४२ महिनासम्म जमायो भनिएको छ। भविष्यवाणीमा एक दिनको अर्थ एक महिना हुन्छ भने ४२ महिनाको अर्थ तिन वर्ष छ महिना हो (एक दिन बराबर एक वर्ष-गन्ती १४:३४, इजकिएल ४:६)। यो पनि येशूको नक्क़ली रूप हो किनभने येशूले पनि साढे तिन वर्ष अक्षरस रूपमा यस संसारमा सेवाकार्य गर्नुभएको थियो।

**अब आएर जमीन वा भूभागको पशुलाई प्रकाश १३:११-१७ले कसरी चित्रण गरेको छ? हेर्नुहोस् "११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सिङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो। १३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गर्‍यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो। १५ त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्। १६ अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो।"**

जमीन वा भूभागबाट निस्किएको पशुले समुद्रबाट निस्किएको डरलाग्दो पशुको चासोलाई समर्थन र बढावा दिन्छ जसरी पवित्र आत्माले आफ्नो होइन येशूको महिमा गर्छ (यूहन्ना १६:१३,१४)। जसरी पवित्र आत्माले अलौकिक वा अचम्म तरिकाले स्वर्गबाट आगो पठाएका थिए (प्रेरित २:३) त्यसरी नै मानिसलाई झुक्याउन जमीनको पशुले आकाशैबाट अचम्मका कामहरू गर्नेछ (प्रकाश १३:१३)।

"पेन्टिकोस्टको समयमा पवित्र आत्माले आगो जस्तो खनिएर चेलाहरूलाई प्रेरित गरेका थिए, अन्तको समयमा जमीनको पशुले मानिसहरूलाई अनेकौं अचम्मका कामहरू गरेर देखाउनेछन्। किन त? ती तिनै जीवहरूले सत्य त्रिएक परमेश्वरको नक्कली त्रिएक भएर संसारलाई प्रमाणित गर्नेछन्।"-योन पालिएन, ह्वाट द बाइबल सेज अबाउट द एण्ड टाइम (हागरटाउन, मेरील्याण्डः रिभ्यु एण्ड हेराल्ड पब्लिशिङ्ग आसोशियशन, १९९८), पृ. १११बाट रूपान्तरित।

**संसारको अन्तमा येशूका विश्वासीहरूलाई भ्रममा पार्न र येशूप्रतिको बफादारीताबाट मोड्न कतिपय मानिसहरूलाई इसाई भनाउँदाहरूले नै अनेकौं अचम्मका कामहरू गरेर भड्काउन सक्छन्।**

**(अर्को अध्यायमा नक्कली त्रिएकको वारेमा जानकारी दिइनेछ)।**

## उपसंहारः

**थप जानकारीः** विशेष गरेर साबथको भूमिकालाई ध्यानमा राखेर बिकासबादी सिद्धान्तले मानिसहरूलाई कसरी भड्काइरहेको छ सो सोच्नुहोस्। उक्त बिकासबादको सिद्धान्तलाई शुरुवात गरेर फैलाउने चार्ल्स डार्बिन हुन्। परमेश्वर र शैतानको बीचमा भइरहेको बैचारिक युद्धको बारेमा उनलाई थाहा त थिएन तैपनि यदि परमेश्वर प्रेमिलो र करुणामय हुनुहुन्छ भने खराब, दुष्ट र कष्ट यस संसारमा किनभयो भन्ने कुरालाई बुझ्न उनलाई कठिन भएको थियो। परमेश्वर र शैतानको बीचमा भइरहेको युद्धको आत्मज्ञानलाई थाहा नपाउँदा उनले विकासबादको सिद्धान्तद्वारा असल र खराबको बारेमा उत्तर खोजे। १८००औं शताब्दीमा चार्ल्स डार्विनले बिकासबादको सिद्धान्तलाई नयाँ संस्करणद्वारा फैलाइरहेको बेलामा उक्त सिद्धान्तको प्रत्येक तर्कलाई प्रतिवाद गर्न परमेश्वरले एक समूहलाई खडा गर्नुभयो, त्यो थियो सेभेन्थ-डे एडभेन्टिस्ट चर्च। यसलाई संयोग मानिदैन। प्रायजसो अरू इसाईहरूले चुपचाप त्यस सिद्धान्तलाई मानेका थिए भने सेभेन्थ-डे एडभेन्टिस्टहरुले साबथको शिक्षालाई अघि राखेर परमेश्वरको सृष्टिवादलाई फैलाए। जसरी डार्विनको बाद वा सिद्धान्त फैलिएको थियो त्यही समयमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च पनि द्रुतगतिमा फैलिएको थियो।

यदि एलेन जी ह्वाइटले लेख्नु भएको देहायको कथन डार्विनले पढेर विश्वास गरेको भए संसारका बुद्धिजिवी भनाउँदाहरू डार्विनको ठूलो मानवीय

सोचको भ्रममा पर्ने थिएनन्। उनले गरेर नै परमेश्वरको अस्तित्वलाई अस्वीकार गर्दै यो संसार अकस्मात  सृष्टी हुन आएको हो, सुक्ष्म जीवद्वारा हात्ती जस्ता ठूला जनावर र मानिस बिकसित हुदै आएको हो भन्ने जस्ता सृष्टिको वारेमा गलत धारणा बिकास भएको थियो। एलेन जी ह्वाइट लेख्दछिन्: "यो पृथ्वी श्रापले क्षतबिक्षत भएतापनि अझै प्रकृति मानिसको निम्ति सिकाउने पाठ्यपुस्तक भइरहेको  ठान्नुपर्छ। यसले असल थोकहरूमात्र देखाउँदैन तर जताततै खराबी, दुष्टता फैलिरहेको देखाउँदछ। पृथ्वी, वातावरण, समुद्र, हावा आदि सबै ठाउँहरूमा दुष्ट शैतानले फैलाएको प्रदुषण प्रदुषित भइहेको छ। परमेश्वरको चरित्र र असल ज्ञान लेखिएको ठाउँमा अब शैतानले फैलाएको दुष्टता र खराब ज्ञान लेखिन पुगेको छ। प्रकृतिबाट नै असल र खराबको ज्ञान पाइने हुनाले पापको परिणाम कस्तो हुन्छ भनेर मानिसले निरन्तररूपमा थाहा पाउन सकिरहेका छन्।"-एडुकेशन, पृ. २६बाट रूपान्तरित।

बिकासवादको सिद्धान्तदले परमेश्वर र पतित संसारको चरित्र र स्वभावलाई बंग्याइदिएको छ। दुर्भाग्यवस त्यो बिकासबादी सिद्धान्तले परमेश्वरलाई होइन शैतानका मतियार र छलहरूलाई ढोग्न पुग्ने छन्, विशेष गरेर युगको अन्तमा।

**चिन्तनमनन:**

अ. **धेरै इसाईहरूले पनि शैतानको वास्तविक अस्तित्वलाई किन अस्वीकार गर्छन्? बाइबलले सिकाएको स्पष्ट शिक्षाबाट हामी तर्केर गयौं भने हामी कस्तो खतरामा हुनेछौ भन्ने कुरा ती विषयवस्तुले हामीलाई कसरी सिकाउँछ?**

आ. **कोही मानिस मर्न लागेको छ वा आफू अर्कै लोकमा पनि पुगेको छु  भन्नेहरुलाई तपाईं के भन्नुहुन्छ?**

इ. **बिकासबादको सिद्धान्तलाई सरासर स्वीकार गर्ने विद्यार्थी (पाठ्यपुस्तकहरूद्वारा), बुद्धिजिवी वा कुनै मानिस अन्तिम दिनहरूमा शैतानले ल्याउने अनेकौं छलसँग किन सामेल हुन सक्छ?**

कथा ९

घचघच्याउने पर्चा

**वानिटा सेटलिफ, ६७**

**वेस्ट भर्जिनिया, अमेरिका**

सात जना दाजुभाइ र दिदीबहिनीहरूमा वानिटा कान्छी थिइन्। उनी अमेरिकाको वेस्ट भर्जिनियाको आपलेशियन माउन्टेनमा रहेको गरिब किसान परिवारका जन्मिएकी थिइन्। सानोमा उनलाई चर्च जान मन पर्दैनथ्यो। गर्मीको मौसममा उनकी आमाले प्रत्येक आइतबार ६ किलोमिटर हिँडाएर तिनीहरुलाई चर्च लान्थिन्। "साँच्चिकै हामी चर्चमा जान चाहेका थिएनौ। हामीलाई अरु केटाकेटीहरूले जिस्काउँथे किनभने तिनीहरू कारमा चढेर जान्थे तर हामी भने हिँडेर जानुपर्थ्यो। त्यसैले चर्च मेरालागि रमाइलो थिएन" वानिटाले भनिन्। आफ्नो घरमा वानिटाले बाइबल कहिल्यै पनि देखेकी थिइनन्। उनका आमाबाबुले पढ्न र लेख्न जान्दैनथे र धर्मको बारेमा त्यस्तो चासो पनि देखाएका थिएनन्। पहाडको चर्चमा नै बप्तिस्मा लिएर हामीले मुक्ति पाएका थियौ भनेर तिनीहरू भन्दथे। वानिटाको बाल्यकाल धेरै नराम्रो थियो। उनको बुबा लडाईंमा अपाङ्ग भएका थिए र किसानी काम गर्दथे। धेरै थरीका मानिसहरू तिनीहरूका घरमा आवतजावत गर्दथे, कोही त नराम्रा मानिसहरू पनि हुन्थे।

"मेरो घरमा मलाई असाध्यै दुख थियो।धेरै दुखकासाथ मेरो बाल्यकाल बितेको थियो।त्यसैले त्यो गाउँमा फर्केर पनि जान मन लाग्दैन। जहिले पनि त्यहाँ जानुपर्दा मलाई जान नपरेपनि हुन्थ्यो जस्तो लाग्थ्यो" वानिटाले भनिन्। अहिले वानिटा ठूली भइसकेकी र विवाह पनि गरी सकेकी थिइन्। उनले दुई पल्ट बैवाहिक सम्बन्ध तोड्नुपरेको थियो। जीवनमा आइपरेका दुखसंगै उनले रक्सी पिउन थालिन् र धेरै केटा साथीहरू बनाउन पुगिन्। धेरै थरीका काम पनि गरिन् , उनको दुई छोरीहरू पनि थिए। अहिले त उनकी छोरीले चर्च जाउँ न ममी भनेर अनुरोध गर्दा उनी झर्किने र गाली गर्ने भएकी थिइन्। “म पाखण्डी हुन चाहन्न। रातभरी पार्टीमा गएर भोलिपल्ट बिहानचाहिँ चर्चमा म जान चाहान्न।” भन्थिन्।

एक दिन वानिटाले आफ्नो चिठीको बाकस खोल्दा त्यहाँ प्रकाशको पुस्तकमा लेखिएको भविष्यवाणीको बारेमा संृखलाबद्ध सेमिनार गर्ने ठाउँमा आउन उनलाई निम्तो दिएको उनले पाइन् । उनले चिठीको बाकसमा धार्मिक पर्चाहरू पहिला पनि पाएकी थिइन्। तर पहिलेको भन्दा अहिलेको चिठीको निम्तोमा केही भिन्नता पाइन् र त्यहाँ जान मनले चाहना गरिरहेको जस्तो

आभास् पाइन्। " मानौ कुनै मानिसले पछाडिबाट त्यहाँ जान कर गरिरहेको जस्तो उनले महसुस गरिन्। यस्तो अनुभव उनलाई पहिला कहिल्यै पनि भएको थिएन। त्यसकारण म त्यहाँ गएँ" भनेर उनले भनिन्।

वेस्ट भर्जिनियाको बक्ले सहरमा रहेको एडभेन्टिस्ट चर्चले आयोजना गरेको सुसमाचाररीय कार्यक्रममा उनी शुरूकै दिनमा भाग लिन आइपुगिन्। त्यो सभा सार्वजनिक सभागृहमा भएको थियो। प्रायजसो त्यो सहरमा मानिसहरुको चहलपहल केही हुँदैनथ्यो। त्यस सहरमा १७,२०० मानिसहरू बस्दछन्। इसाईहरुको बारेमा उनलाई थोरै मात्र थाहा थियो र सेभेन्थ-डे एडभेन्टिस्टहरुले शनिवार आराधना गर्छन् भनेर पनि उनलाई केही हदसम्म थाहा थियो। त्यसकारण उक्त सभामा उनले एक जना एडभेन्टिस्टलाई भेट्ने बित्तिकै "तपाईंहरू किन शनिबार आराधना गर्नुहुन्छ?" भनेर सोधी हालिन्। ती मानिसले "यस वारेमा पछि पास्टरले सिकाउनुहुनेछ" भनेर जवाफ दिए। उनको प्रश्नको जवाफ चित्त बुझ्दो तरिकाले तत्कालै नपाएकोमा उनी निराश पनि भएकी थिइन्। अर्को रात पनि उनी त्यही कार्यक्रममा आइन। त्यसबेला पनि प्रचारकले साबथको बारेमा बोलेनन्। फेरि वानिटाले अर्को चर्चको सदस्यलाई आफ्नो प्रश्न दोहोऱ्याइन।त्यहाँपनि यसको बारेमा पछि थाहा पाउनुहुनेछ भन्ने जवाफमात्र उनले पाइन्। "मेरो लागि यो विषय झनै रहस्यमय भएको थियो। मलाई जवाफ तुरन्तै चाहिएको थियो तर तिनीहरूले मलाई किन त्यो प्रश्नको जवाफ दिएनन्  भन्ने कुरा मैले बुझ्न सकेकी थिइन" वानिटाले भनिन्।

त्यसले गर्दा अर्को बेलुका पनि तिनले त्यो सभामा आउनै पर्ने भयो। आफ्नो हुलाकको बाकसमा पर्चा पाएको बेलामा नै उनले आफ्नो भविष्यको बारेमा सोच्न थालेकी थिइन्। उनले बाइबल कहिल्यै पनि पढेकी थिइनन् र बप्तिस्मा पनि लिएकी थिइनन्  र न्यायको दिनको वारेमा बुझ्न थाल्दा उनी झन त्रसित हुन थालेकी थिइन्।

सुसमाचारीय कार्यक्रमको चौथौं हप्ता सम्म उनी दिनदिनै सभामा आएकी हुनाले उनलाई बाइबल उपहार दिइयो। उनले जीवनमा पहिलो पल्ट त्यो बाइबल पढ्न थालेकी थिइन्। प्रचारकले भनेका पदहरू पनि बाइबलमा पढ्न थालिन्। जब प्रचारकले आखिरमा आएर सातौं दिन साबथको बारेमा बोले तब उत्पत्ति  २:२-३ अनुसार परमेश्वरले नै सातौं दिन छुट्याउनुभएको उनलाई महसुस भयो। प्रस्थान २०:८-११मा फेरि परमेश्वरको चाहना पनि उल्लेख गरिएको उनले देखिन्। येशूले साबथ पालन गरेको उनले थाहा पाइन् साथै धेरै इसाईहरूले सिकाए बिपरित येशूले व्यवस्थालाई रद्द गर्न होइन तर त्यसालाई उघार्न र सम्मान गर्न उहाँ आउनुभएको (यशैया ४२:२१) पनि

उनले भेट्टाइन्। अनि साबथको सन्देश वानिटाले ग्रहण गरिन्। "मैले बाइबल पढ्न थालें र यसमा के लेखिएको छ सो पनि ध्यान दिएर पढ्न थालें" उनले भनिन्। सेप्टेम्बर २०१६मा अन्य १५ जनासँगै वानिटालेपनि बप्तिस्मा लिइन्। सन् २०१५मा संकलित तेह्रौ साबथस्कूलको भेटीले वेस्ट भर्जिनियाभरि आयोजना गरिएको सुसमाचारीय कार्यक्रमा बक्ले पनि एक थियो।

६७ वर्षकी वानिटाले आफ्नो हृदय येशूलाई दिएपछि उनको जीवनमा परिवर्तन आएको धेरै मानिसहरूले देखेका थिए। अहिले उनी मुख पनि छोड्दिनन् र रक्सी पनि खादिनन् र भट्टीमा पनि जाँदिनन्। "म एकदम रिसाउँथे। म खराब मानिस जस्तै थिएँ। अब म पहिलेको भन्दा शान्त छु। मेरो छोरीले नराम्रो शब्द बोलेपनि म माफ देऊ भनेर भन्छु" वानिटाले भनिन्। कहिलेकाहीँ तल-तल  लाग्थ्यो उनले भनिन्। विगतका तिता जीवनका क्षणहरू उनले रक्सी पिउँदा बिर्सन्थिन्। तर अब होसियारीसाथ चुनिएका साथीहरूले गर्दा उनी परिक्षाबाट जोगिन उनलाई सहयोग मिलेको थियो।

"कस्ता मानिसहरूसँग तपाईं सङ्गत गर्नुहुन्छ त्यस विषयमा तपाईं होसियार हुनुपर्छ। यदि तपाईं रक्सी पिउने मानिससँग हिड्न थाल्नुभयो भने तपाईंले पनि रक्सी खान सक्नुहुन्छ|" उनले भनिन्। अब उनी सबभन्दा असल मित्र येशूसँग रहन चाहन्छिन्। तपाईंको भेटीले गर्दा उनलाई येशूतिर डोऱ्याउन सहयोग मिलेको छ। त्यसको लागि तपाईंहरूलाई धन्यवाद।

-*आन्ड्र्यु मेकचेसनी*

**वेस्ट भर्जिनियाको बारेमा केही जानकारीः**

अ) प्रायजसो अमेरिकाको वेस्ट भर्जिनियाका चर्चहरू माउन्टेन भ्यु कन्फरेन्स अन्तर्गत छन्। त्यहाँ २,३०३ चर्चका सदस्यहरू छन् र ३३वटा चर्चहरू छन्।

आ) नर्थ अमेरिका डिभिजनमा ५,४९३ चर्चहरू छन् र १,२२५,३१७ सेभेन्थ-डे एडभेन्टिस्टहरू छन्। अमेरिकाको जनसंख्या ३६०,६०५,००० (३६ करोड) छ। त्यसको अर्थ प्रत्येक २९४ मानिसहरूमा एक जना एडभेन्टिस्ट छन्।

इ) सन् १७८५देखि १७९०सम्म अमेरिकाको राजधानी न्युयोर्क सहरमा थियो।

ई) कालो सिमी, भिण्डी, भन्टा, तिल, जुनेलो र खरबुजाहरू खानाको परिकारहरूमा प्रयोग गर्छन्। केही मसलाहरू पनि पाइन्छ। प्रायजसो ती खानाका परिकारहरू अफ्रिकाबाट आएका थिए। अफ्रिकाका दासहरूले अफ्रिकाको स्वादहरू अमेरिकामा भित्र्याएका थिए।